श्री
उच्च अदालत पाटन
<u>संयुक्त इजलास</u>
इजलास नं:-5
माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थी
माननीय न्यायाधीश श्री कृष्णराम कोइराला

**<u>आदेश</u>**

मुद्दा नं:-0८1-FJ-0208
मुद्दाः- अदालतको अवहेलना।
**निर्णय नं: ८२५**

पदम वहादुरको नाति क्षेत्र वहादुरको छोरा मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. 4 घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ४ वस्ने वर्ष ६५ को गणेश थापा.................................................................................१ — निवेदक

<u>बिरुद्ध</u>

ल.पु.जि.ल.पु.म.न.पा. वडा नं. १७ सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा रहेको अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकज विक्रम नेम्बाङ्ग ज्यू.......1 — विपक्षी

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(1) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-**

**<u>तथ्य खण्ड:</u>**

1) विपक्षी अखिल नेपाल फुटबल संघका अध्यक्षले "I am not sure if ten years past then his ban might have ended, said Nembang adding .." "Even if his ban has ended he won't be eligible to be associated with district associations or football clubs. But he can come to the stadium and other tournaments to watch the game" भनि अप्रिल १७, २०२५ को Sports Nepal मा मेरो विरुद्ध दिएको वक्तव्य प्रकाशित भएको छ । विपक्षीको उपरोक्त कार्यले अखिल नेपाल फुटबल संघको मिति २०८२।१।२६ मा हुन गईरहेको नियमित साधारण सभामा मलाई आर.सि. ३२ क्लबको प्रतिनिधि सदस्यको हैसियतमा भाग लिन नदिने वदनियत स्पष्ट हुनुका साथै सन्चार माध्यममा उक्त वक्तव्य दिनु बाट मलाई शंसकित तुल्याएकोछ । विपक्षीहरुले मेरा विरुद्ध गरेका निर्णयहरुको नक्कल विपक्षीको कार्यालयमा माग्न जांदा नदिएकोले विपक्षीहरुले लिखित जवाफसाथ पेश गरेमा वा विपक्षीहरुको कानून व्यवसायी मार्फत बहसको क्रममा पेश गरेमा ती सबै गैरकानुनी- निर्णयहरु बदर गरि उक्त साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनि विपक्षीहरुको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) वमोजिम अन्तरिम आदेश सहित नेपालको संविधान २०७२ को धारा ४६ र १४४ (१) एवं (२) वमोजिम उत्प्रेषण परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरि पाउं भनि यसै अदालतमा रिट नं.०८१- WO-२३०५ मा रिट निवेदन

दायर गरेको थिएँ र हालसम्म उक्त मुद्दा विचाराधिन नै छ। यसरी मैले उक्त निवेदन दायर गरेपश्चात यसै अदालतबाट "निवेदकले अन्तरिम आदेश जारी गरी पाउँ भनी माग गरे सम्बन्धमा हेर्दा, निवेदक आर.सि.३२ क्बलमा आवद्ध भई उक्त क्बलको मिति २०८२/१/१५ को निर्णयले निवेदक समेतलाई एन्फाको नियमित साधारण सभामा सहभागिताको लागि पठाउने निर्णय भई निज प्रतिनिधिको रुपमा पठाइएको भन्ने पत्रको प्रतिलिपी समेत मिसिल संलग्न रहेको पाइयो । निवेदकलाई फिफाले लगाएको प्रतिवन्ध १६ अप्रिल २०१५ देखि १५ अप्रिल २०२५ मा समाप्त भई सकेको भन्ने मिसिल संलग्न सो को प्रतिलिपीहरुबाट देखिन आएको अवस्थामा निवेदक समेत सहभागी हुने गरी निज आवद्ध आर.सि.३२ क्लबबाट प्रतिनिधि रहेको देखिन आएको हुनाले मिति २०८२/१/२६ गते हुने अखिल नेपाल फुटबल संघको साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनी विपक्षीहरुको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) वमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ, यो आदेशको जानकारी विपक्षीहरुलाई दिनु" भनी मिति २०८२/१/२१ मा विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी भएको थियो ।उक्त अन्तरिम आदेश जारी भएको जानकारी सहितको १५ दिने म्याद विपक्षीहरुले मिति २०८२/१/२१ गते नै बुझि अन्तरिम आदेशको जानकारी पाउनु भएको थियो र उक्त अन्तरिम आदेश खारेज गरी पाउँ भनी यसै अदालतमा विपक्षीहरुले रिट नं. ०८१-FN- १२३४ को निवेदक दिएकोमा सम्मानित अदालतबाट म समेतलाई छलफललाई मिति २०८२/१/२५ मा झिकाउने भनी मिति २०८२/१/२४ मा आदेश भएको कुरा थाहा पाई म आफै सम्मानित अदालतमा सोही दिन उपस्थित भई उक्त जानकारी पत्र बुझि लिएको थिएँ । यस प्रकार यस अदालतको मिति २०८२/१/२१ को अन्तरिम आदेश खारेजीको माग राखी विपक्षीहरुले निवेदन दिएकोमा सम्मानित अदालतको आदेश वमोजिम म समेत उपस्थित भई मिति २०८२/१/२५ गतेका दिन हामी दुवै पक्षको उपस्थितिमा हामी दुवै पक्षको कानून व्यवसायीको वहस समेत सुनी सम्मानित अदालतबाट "यसमा अखिल नेपाल फूटवल संघले च.नं. १०५८ आ.व. २०८१/०८२ मिति २०८१/१२/२० को प्रेषित पत्र मार्फत संघमा आवद्ध क्लबहरु लगायतका साधारण सदस्यहरुलाई मिति २०८२/१/२६ गते सम्पन्न हुने नियमित साधारण सभामा सहभागी गरी मताधिकार प्रतिनिधि तथा प्रतिनिधिहरुको योग्यताको बारेमा अखिल नेपाल फुटवल संघको विधानले निर्धारण गरेको हुँदा सोही वमोजिम हुने तथ्यमा पनि विवाद देखिदैन । उल्लेखित पत्र वमोजिम आर.सि. ३२ क्लब एकेडेमीको तर्फबाट निवेदक गणेश थापालाई सहभागीको रुपमा भाग लिन पठाउने गरी मिति २०८२/१/२५ मा निर्णय गरिएको पनि देखियो।

वस्तुत कुनै पनि संस्थाको संस्थागत सुशासन र सुदृढिकरणको लागि सम्बन्धित सदस्य संस्थाले भाग लिन पाउने तथा आफ्ना विचारहरु व्यक्त गर्न पाउने कार्य आफैमा एक महत्वपूर्ण अभ्यासको रुपमा सर्वस्वीकार्य पद्धती रहेको पाइन्छ । सोही अर्थमा सुविधा र सन्तुलानको दृष्टिकोणबाट विपक्षी गणेश थापाको सहभागिताले अखिल नेपाल फुटवल संघको मिति २०८२/१/२६ मा हुने साधारण सभाको संचालनमा प्रतिकुल असर पर्ने देखिएन । तसर्थ मिति २०८२/१/२१ मा भएको आदेशलाई परिवर्तन गरिरहन परेन। नियमानुसार गर्नु" भनी मिति २०८२/१/२५ मा सम्मानित यसै उच्च अदालतबाट आदेश भई सो आदेश अन्तिम भई रहेको छ । यस प्रकार सम्मानित अदालतबाट निवेदकलाई मिति २०८२।१।२६ गते हुने अखिल नेपाल फुटवल संघको साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान, अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनी विपक्षीहरुको नाममा मिति २०८२/१/२१ गते अन्तरिम आदेश भई सो आदेश सहितको म्याद विपक्षीले

सोही दिन २०८२/१/२१ मा नै बुझि लिई सो आदेश खारेज गरी पाउँ भनी विपक्षी आफैले यस अदालतमा निवेदन दिएकोमा यसै अदालतबाट विपक्षी एन्फाका अध्यक्ष समेतको उपस्थितिमा दुवै पक्षको वहस समेत सुनि मिति २०८२/१/२५ मा उक्त अन्तरिम आदेशलाई परिवर्तन गरी रहन परेन । नियमानुसार गर्नु भनी मिति २०८२/१/२५ गते नै आदेश भएकोमा सो दुवै आदेशहरुलाई पालना गर्नु गराउनु हामी दुवै पक्षको कानून दायित्व हो । यसर्थ म आफू अध्यक्ष हुँदा मैले पनि यसै अदालतको मिति २०७२/५/१५, मिति २०७२/५/१७ र २०७२/५/२३ को अन्तरिम आदेश वमोजिम एन्फाको मिति २०७२/५/१६ को साधारण सभा स्थागित गरी विपक्षीलाई एन्फाकै साधारण सभामा सहभागी गराएको थिएँ । सो आदेशहरु वमोजिम विपक्षी अखिल नेपाल फुटवल संघको मिति २०८२/१/१६ गतेको प्रकाशित सूचना वमोजिम धुलिखेल न.पा. को सभा हल, धुलिखेल, काभ्रेमा उद्घाटन विहान ९.०० बजे भएको, रजिष्ट्रेशन कार्यक्रम प्रारम्भ विहान ८.०० बजेबाट एवं बन्द सत्र प्रारम्भ विहान १०.०० बजे भएकोले म विहान ८.०० बजे नै साधारण सभामा सहभागिताको लागि जाँदा मलाई साधारण सभाको उद्घाटन तथा बन्दसत्रमा सहभागी हुन नदिने बद्रीयतले विपक्षीहरुले ठूलो संख्यामा प्रहरी तथा ससस्त्र प्रहरी एवं स्वयंसेवकहरु राखी भित्र छिर्न र साधारण सभामा सहभागी हुन नै दिएनन् । तत्पश्चात मैले विपक्षीहरुलाई सम्मानित अदालतबाट भएको मिति २०८२/१/२१ को अन्तरिम आदेश र मिति २०८२/१/२५ गते भएको उक्त अन्तरिम आदेशको निरन्तरतालाई देखाउँदा र पालना गरी मलाई साधारण सभामा प्रवेश गराई संस्थाको संस्थागत सुशासन र सुदृढिकरणका लागि आफ्नो रचनात्मक विचार तथा सुझावहरु राख दिनुहोस् भनी पटक पटक अनुरोध गर्दा समेत विपक्षीहरुले ती दुवै आदेशहरुको सिधै अवहेलना गरी मलाई साधारण सभामा आर.सि. ३२ क्लबको प्रतिनिधिको हैसियतले सहभागी हुन दिनु भएन र म सहभागी हुनका लागि लामो समयसम्म कार्यक्रम स्थलको प्रवेशद्वारमा प्रतिरक्षारत हुँदासम्म पनि विपक्षीहरुले उक्त साधारण सभामा प्रवेश गर्न नदिई उद्घाटन तथा बन्दसत्रमा मेरो अनुपस्थितिमा नै विभिन्न निर्णयहरु गरी बन्दसत्र समाप्त गर्नु भयो । यद्दपी मेरो विरुद्ध मलाई सुनुवाईको मौका नै नदिई मेरो अनुपस्थितिमा कुनै निर्णयहरु भएको भए सो समेत बदर गरी विपक्षीहरुलाई सम्मानित अदालतको अवहेलनामा कारवाही गरी हदैसम्मको सजाय गरी पाउँ भनी यो निवेदन दिन आएको छु । उक्त साधारण सभामा भएका गतिविधिका सम्बन्धमा भएका श्रव्य दृश्य तथा विभिन्न पत्रपत्रिकाहरुमा छापिएका समाचार एवं भिडियो क्लिपहरु यसै निवेदन साथ पेश गरेको छु । यसरी निवेदक प्रकरण नं. १, २ र ३ मा उल्लेख भए वमोजिम म आफ्नो जिवन नै फुटवल मार्फत स्वदेशमा तथा विदेशमा समेत नेपाल र फुटवल खेलको गरिमा कायम राख अहोरात्रा खटिई १६ अप्रिल २०१५ देखि १५ अप्रिल २०२५ सम्म १० वर्षे फिफाको प्रतिवन्ध फुकुवा पश्चात पनि नेपालको फुटबल खेल जगतमा आफ्नो रचनात्मक सहयोग गरी फुटवल खेललाई उत्कृष्ट बनाउने लक्ष्य साथ सम्मानित अदालतको मिति २०८२/१/२१ र मिति २०८२/१/२५ को आदेश सहित उक्त साधारण सभामा जाँदा मलाई सो साधारण सभामा प्रवेश नै गर्न दिइएन । त्यसपछि एन्फाका बरिष्ठ उपाध्यक्ष वीर बहादुर खड्का, उपाध्यक्ष विराट शाह, सदस्य रविन चन्द र रुपेश अधिकारी समेतले अदालतको आदेशको सम्मान गर्नु पर्छ भन्दै सभा हल बाहिर आएर समेत मलाई अस्वाशन दिनु भयो । त्यसपछि निजहरु सभा हल भित्र गई एन्फाको साधारण सभाको उत्घाटन चल्दा चल्दै विपक्षी एन्फाका अध्यक्ष र महासचिवलाई अदालतको आदेश मानी गणेश थापालाई साधारण सभामा सहभागी गराउन अनुरोध गर्नु भएछ । यद्दपी विपक्षीहरुले आफ्नै पदाधिकारीहरुको उक्त अनुरोधलाई समेत अस्वीकार गर्नु भयो । त्यसपछि एन्फाका पूर्व अध्यक्ष कर्मा छिरिङ्गले समेत बन्दसत्रमा बोल्दा तपाई पंकज प्रधान समेतले गणेश थापा समेत अध्यक्ष भएको

बेलामा सम्मानित उच्च अदालतको मिति २०७२/५/१५, मिति २०७२/५/१७ र मिति २०७२/५/२३ को अन्तरिम आदेशको सम्मान गर्दै एन्फाको मिति २०७२/५/१६ को साधारण सभा स्थगित गरी पछि तपाईलाई एन्फाको साधारण सभामा तत्कालिन एन्फा अध्यक्ष गणेश थापाले साधारण सभामा सहभागी गराउनु भएको थियो । त्यसकारण हामीले पनि अदालतको आदेशको सम्मान गर्दै निज गणेश थापालाई हाम्रो साधारण सभामा सहभागी गरौं भनी बोल्दा समेत विपक्षीहरुले त्यसको ठाडै अस्वीकार गर्दै उक्त साधारण सभामा मलाई सहभागी गराउनु भएन, यसर्थ विपक्षीहरुको उक्त कार्यले सम्मानित अदालतको आदेशको उल्लंघन भएको छ ।यसर्थ साथि प्रकरण नं. १० र ११ मा उल्लेखित विपक्षीहरुको कार्यले सम्मानित उच्च अदालतको मिति २०८२/१/२१ को अन्तरिम आदेश र मिति २०८२/१/२५ को उक्त अन्तरिम आदेशलाई निरन्तरता दिने आदेशको अवज्ञा हुन गई त्यसले सम्मानित अदालतको न्याय सम्पादन कार्यमा अवरोध सिर्जना हुनुको साथै सम्मानित अदालतको अवहेलना हुन गएको छ, यसर्थ विपक्षीहरुलाई नेपालको संविधान २०७२ को धारा १३९(२) र न्याय प्रशासन ऐन २०७३ को दफा १७ (२) र (४) वमोजिम कारवाहीं गरी हदैसम्मको सजाय गरी पाउँ भन्ने निवेदन पत्र।

2) यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाको म्याद बाहेक ७ (सात) दिन भित्र प्रत्यर्थीको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि ०८१-wo-२२७७ को रिट निवेदन समेत साथै राखी नियमानुसार गरी पेश गर्नुहोला भन्ने मिति 2082/02/01 गतेको आदेश।

3) विपक्षीले आरोप लगाएअनुसार मेलै कुनै पनि प्रकारले अदालतको अवहेलना गर्ने कार्य गरेको छैन । मैलै हालसम्म संविधान, कानून र न्यायालयप्रतिको सम्मान गर्दै आइरहेको छु । अखिल नेपाल फुटबल संघको अध्यक्षको हैसियतमा जिम्मेवारी पूरा गर्दै गर्दा संघ र मसमेतका विरुद्ध सम्मानित अदालतहरु दायर भएका मुद्दाहरुमा मैले अदालतको आदेशबमोजिमको कार्य गरेको छु । नेपालको संविधान र प्रचलित कानूनले व्यवस्था गरेबमोजिम नेपाली नागरिकको हैसियतमा मैले गर्नुपर्ने कर्तव्यसमेत निष्ठापूर्वक पूरा गरेको छु । मैले अदालतको अवहेलना हुने कुनै कार्य गरेको छैन र भविष्यमा पनि म सदैव सम्मानित अदालतको आदेश पालना गर्ने पूर्ण प्रतिबद्ध रहेको छु । मैले यस सम्मानित अदालतको मान मर्यादा प्रतिष्ठा र गरिमाको सधैं सम्मान गर्दै आएको छु । भविष्यमा समेत अदालतप्रति हाम्रो आस्था, विश्वास र सम्मान रहीरहने छ भन्ने कुरामा विश्वास दिलाउन चाहन्छु । अदालतको गरिमामा आँच पुर्याउने मनसाय छैन । अदालतको अवहेलनासम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र सैद्धान्तिक पक्षतर्फ हेर्दा अदालतको अवहेलना कमन ल प्रणालीको एउटा महत्वपूर्ण कानूनी सिद्धान्तका रुपमा रहेको छ । आफ्नो अवहेलनामा कारबाही गर्ने अधिकार अदालतको अन्तर्निहित अधिकार inherent power मानिन्छ । यसलाई अदालत र अदालतको अवहेलना गर्ने व्यक्तिबीचको विवाद मानिन्छ । अदालतको अवहेलनामा कारबाही अदालतको गरिमा र मर्यादाको संरक्षण गर्नका लागि प्रयोग गरिएको अन्तर्राष्ट्रिय अभ्यासले बताउँछ । बेलायत, भारत र अमेरिकामा यो सिद्धान्तको लामो अभ्यासतर्फ दृष्टि गोचर गर्दा यी मुलुकहरुमा अवहेलनालाई देवानी फौजदारी अवहेलनामा विभाजन गरी फौजदारी अवहेलनालाई प्रत्यक्ष र अप्रत्यक्ष अवहेलना भनी छुट्टाछुटै हेर्ने गरिएको छ । छिमेकी मुलुक भारतमा सन् १९२६ मा नै बेलायती औपनिवेशको पालामा कानून बनाई व्यवस्थित गरेकोमा हाल आएर अदालतको अवहेलनासम्बन्धी ऐन, १९७१ प्रचलनमा रहेको छ । यसैगरी बेलायतमा अदालतको अवहेलनासम्बन्धी ऐन, १९८१ प्रचलनमा रहेको पाइन्छ । K.K

Venugopal ले Any act that interfers with the administration of justice, directly of indirectly, is criminal contempt भनी परिभाषित गरेका छन् । तर यसको प्रयोग अत्यन्तै व्यवस्थित तथा संवेदनशील रुपमा गर्नुपर्ने मान्यता प्रचलनमा रही आएको छ । यसैगरी अदालतको अवहेलनाको मुद्दामा अदालतले हदैसम्मको सहनशीलता र क्षमाशील हुनुपर्दछ भन्ने न्यायिक मान्यतालाई प्रस्तुत मुद्दामा यस अदालतले आत्मसात गर्नु आवश्यक छ । यस अदालतले सुरुवातदेखि नै अवहेलनाको मुद्दामा सहनशील र क्षमाशील हुने बाटो अपनाएका प्रशस्त दृष्टान्तहरु छन् । अधिवक्ता दिनेश त्रिपाठी विरुद्ध पुष्पकमल दाहाल (प्रचण्ड) समेत भएको अदालतको अवहेलनासम्बन्धी मुद्दामा "अदालतले आफूप्रति सम्बन्धित कतिपय कुरा अप्रिय भए पनि बाञ्छित हदसम्म अभिव्यक्तिको स्वतन्त्रताको सम्मानका रुपमा सहन वा ग्रहण गर्नुपर्ने हुन्छ, जुन अदालतले गरिआएको पनि छ" । यसैगरी नेपाल बार एशोसियसनका सचिद अधिवक्ता हरिहर दाहाल विरुद्ध मन बहादुर गुरुङ समेतको मुद्दामा अवहेलना क्षेत्राधिकारको प्रयोग दुवै पट्टि धार भएको लाग्ने तरबार जस्तो भएकाले अदालतद्वारा अवहेलनासम्बन्धी क्षेत्राधिकारको प्रयोग संयमित रुपले नगरिने हो र जथाभावी एवं विवादास्पद किसिमले गरिने प्रचलन बस्दै जाने हो भने सो स्थिति न्याय प्रशासनको हितमा नहुने भन्दै अदालतले यसको प्रयोगमा संवेदनशील हुनुपर्ने मार्गदर्शन प्रदान गरेको छ । अतः यस एन्फा (ANFA), प्रचलित खेलकूद विकास ऐन वमोजिम संस्थापना भई, राष्ट्रिय खेलकूद परिषदमा लगत कायम (दर्ता) समेत भई विधानसम्मत तवरले निरन्तरता पाएको, आवधिक निर्वाचित पदाधिकारीबाट सञ्चालनमा रहेको संस्था हो। यो यस्तो संस्था पनि हो जसले जसले मूलतः खेलकुद विकास ऐनकै उद्देश्य प्रेरीत रहन्छ । साथै यसले देशको संविधान तथा प्रचलित कानुन समेतको सदैव परिपालना गर्दै आएको छ । म लिखित जवाफ प्रस्तुतकर्ता सदैव नेपाली फुटबलको विकासका लागि कार्य गर्दै आइरहेको छु । मैले विपक्षीलाई प्रवेश गर्न अबरोध गरेको, प्रवेश गर्न नदिएको होइन । अदालतको अवहेलना हुनका लागि मैले स्वतन्त्र न्यायपालिकाको अवधारणा, फैसला, आदेशको अवमूल्यन हुने गरी कुनै कार्य गरेको, अदालतको आदेशको अवज्ञा गरेको, अवरोध र्याएको हुनुपर्छ । निवदेकले ममाथि लगाएको आरोप बस्तुनिष्ठ, निष्पक्ष, कानूनी रुपमा ग्रहणयोग्य प्रमाण विपक्षीले पेश गर्न सकेको छैन । सम्मानित अदालतको गरिमामा आँच आउने कुनै पनि कार्य मबाट भएको छैन । अदालतको प्रतिष्ठा र इज्जतलाई सधैं सम्मान गरेको छु र गर्दछु । अदालतका न्यायिक काम कारबाहीमा सधैं सहयोग गर्दै आएको र सदैव सहयोग पनि गर्ने नै छु । मैले अदालतको कुनै आदेश वा फैसलाको अवज्ञा गरे गराएको छैन । अदालतको अवहेलना गर्ने कुनै उद्देश्य पनि रहेको छैन । अदालतको आदेशको जानाजान कुनै अवज्ञा गरेको छैन । अदालतको मान मर्दन तथा सम्मानमा आँच आउने कुनै पनि कार्य गरेको छैन । भविष्यमा समेत त्यस्ता कार्य गर्ने छैन । निवेदकले म लिखित जवाफ प्रस्तुतकर्ताले के कसरी अदालतको न्याय सम्पादनको कार्यमा अवरोध गरें वा आदेशको अवज्ञा गरें भन्ने विषय पुष्टि गर्न सकेका छैनन् । मैले उक्त कार्य गरेको भनेर पुष्टि गर्ने दायित्व विपक्षीको हो सो गर्न सकेको अवस्था छैन । सो कुरासमेत विपक्षीले पुष्टि गर्न सकेको अवस्था नरहेकोले केवल दुःख दिने उद्देश्यले दायर भएको विपक्षीको निवेदन खारेज भागी छ, खारेज गरी पाऊँ भन्ने व्यहोराको विपक्षी अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकज विक्रम नेम्बाङ्गको तर्फबाट लिखित जवाफ।

## आदेश खण्डः-

4) नियम बमोजिम निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू डा. श्री सुरेन्द्र भण्डारी, डा. श्री भिमार्जुन

आचार्य, राजु बस्नेत, विष्णु भट्टराईले विपक्षीहरूले यस अदालतको  मिति २०८२/१/२१ को अन्तरिम आदेश र मिति २०८२/१/२५ को उक्त अन्तरिम आदेशलाई निरन्तरता दिने आदेशको अवज्ञा गरेको हुँदा विपक्षीलाई अदालतको अवहेलनामा सजाय हुनु पर्दछ भनी तथा विपक्षी एन्फा समेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री टीकारम भट्टराई, श्री सिताराम के.सी, डा. श्री दिनमणि पोखरेल, श्री यदुनाथ खनाल तथा विद्वान अधिवक्ताहरू श्री कुमार भट्ट, श्री निमराज बुढाक्षेत्री र श्री अशोकराज पाण्डेले निवेदकले आरोप लगाएअनुसारको विपक्षीबाट अदालतबाट भएको आदेशको अवज्ञा नगरिएको हुँदा निवेदन खारेज हुनु पर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

5) प्रस्तुत निवेदनको तथ्य अवलोकन गर्दा, विपक्षी एन्फाको सदाचार समिति तथा अनुशासन समितिवाट भएको गैरकानूनी- निर्णयहरु बदर गरी उक्त साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनि विपक्षीहरुको नाममा अन्तरिम आदेश सहित उत्प्रेषण परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरि पाउं भनि यसै अदालतमा रिट नं.०८१- **WO**-२२७७ मा रिट निवेदन दायर गरेकोमा मिति २०८२/१/२६ गते हुने अखिल नेपाल फुटबल संघको साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ, यो आदेशको जानकारी विपक्षीहरुलाई दिनु" भनी मिति २०८२/१/२१ मा विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी भएको मा अन्तरिम आदेश जारी भएको जानकारी सहितको १५ दिने म्याद विपक्षीहरुले मिति २०८२/१/२१ गते नै बुझि अन्तरिम आदेशको जानकारी पाउनु भएपनि विपक्षीहरुले त्यसको ठाडै अस्वीकार गर्दै उक्त साधारण सभामा मलाई सहभागी गराउनु भएन, यसर्थ विपक्षीहरुको उक्त कार्यले सम्मानित अदालतको आदेशको उल्लंघन भएको छ। अन्तरिम आदेश र मिति २०८२/१/२५ को उक्त अन्तरिम आदेशलाई निरन्तरता दिने आदेशको अवज्ञा हुन गई त्यसले सम्मानित अदालतको न्याय सम्पादन कार्यमा अवरोध सिर्जना हुनुको साथै सम्मानित अदालतको अवहेलना हुन गएको छ, यसर्थ विपक्षीहरुलाई अदालतको अवहेलनामा कारवाहीं गरी हदैसम्मको सजाय गरी पाउँ  भन्ने निवेदन मागदावी रहेकोमा विपक्षीहरुको लिखित जबाफमा निवेदकले म लिखित जवाफ प्रस्तुतकर्ताले के कसरी अदालतको न्याय सम्पादनको कार्यमा अवरोध गरें वा आदेशको अवज्ञा गरें भन्ने विषय पुष्टि गर्न नसकेको हुँदा केवल दुःख दिने उद्देश्यले दायर भएको विपक्षीको निवेदन खारेज भागी छ, खारेज गरी पाऊँ भन्ने जिकिर लिइएको पाइयो ।

6) **उपरोक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत निवेदनमा निवेदकको माग बमोजिम विपक्षीलाई अदालतको अवहेलनामा सजाय हुनु पर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।**

7) निर्णय तर्फ विचार गर्दा, विपक्षी एन्फाको सदाचार समिति तथा अनुशासन समितिवाट भएको गैरकानुनी- निर्णयहरु बदर गरि उक्त साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनि विपक्षीहरुको नाममा अन्तरिम आदेश सहित उत्प्रेषण परमादेश लगायत उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरि पाउं भनि यसै अदालतमा रिट नं.०८१- **WO**-२२७७ मा रिट निवेदन दायर गरेकोमा मिति २०८२/१/२६ गते हुने अखिल नेपाल फुटबल संघको साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी

गरेको तथा सो अन्तरिम आदेशलाई मिति २०८२/१/२५ मा निरन्तरता समेत दिएको मिसिलवाट देखिन्छ।

8) निवेदकले उल्लेखित ०८१-wo-२२७७ को रिट निवेदनमा यस अदालतबाट जारी भएको अन्तरिम आदेश अनुसार विपक्षीले अखिल नेपाल फुटबल संघको साधारण सभामा सहभागी हुन निवेदकलाई कुनै वाधा व्यवधान अवरोध नगर्नु नगराउनु, साधारण सभामा सहभागी हुन दिनु पर्नेमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशको अवज्ञा गरी अदालतको अवहेलना गरेकोले विपक्षीलाई सजाय समेत गर्न मागदावी गरेकोमा विपक्षी अखिल नेपाल फुटबल संघका अध्यक्षको लिखित जबाफमा विपक्षीसँग उल्लेखित निकायहरुको निर्णय उपर चित्त नबुझे विधानको धारा ७४ मा व्यवस्था भए बमोजिम पुनरावेदन समितिमा पुनरावेदन गर्ने अधिकार रहेको, विधानको धारा ८० मा विवाद सामाधानका विषयमा एन्फा र यसका सदस्य, खेलाडी, अफिसियल, म्याच एजेण्ट र मधयस्थहरूले कुनै पनि विवाद अदालत सामु लैजाने छैनन र एन्फासँग सम्बन्धित पक्षहरूबीच हुने राष्ट्रिय विवादहरूमा एन्फाकै क्षेत्राधिकार रहनेछ भन्ने व्यवस्था भए पनि विपक्षी एन्फाकै पुनरावेदन समितिमा लैजानु पर्ने विषय अदालतमा प्रवेश गरेको भन्ने उल्लेख गरेको देखिन्छ ।

9) न्याय प्रशासन ऐन, 2073 को दफा १७ को उपदफा (2) मा *उच्च अदालतले आफ्नो र मातहतका जिल्ला अदालत वा न्यायिक निकायको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्नेछ* भन्ने व्यवस्था गरिएको पाइन्छ भने अदालतको अवहेलना गरेको ठहरेमा कसूरदारलाई एक बर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था सोही दफाको उपदफा (४) मा गरिएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्था अनुसार न्याय सम्पादनको कार्यमा बाधा अवरोध गर्ने कार्य तथा अदालतले गरेको आदेश वा फैसलाको अवज्ञा गर्नु अदालतको अवहेलनाको कसूर हुने हुन्छ। अदालतको न्यायिक काम कारवाहीमा कसैले अवरोध गरेमा वा अदालतबाट भएको आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारवाही चलाउन सक्ने गरी अधिकार अदालतलाई प्रदान गरिएको पाइन्छ । अदालतका कामकारवाहीहरु निर्वाध रुपमा सम्पादन हुन सकुन्, अदालतका आदेश वा निर्णय सबैले बाध्यकारी रुपमा पालना गरुन् र समाजमा दण्डहीनताको अन्त्य भई कानूनी शासनको प्रवर्द्धन हुन सकोस् भन्ने उद्देश्यले विधायिकाले अदालतलाई आफ्नो अवहेलनामा आफैँ कारवाही गर्न सक्ने गरी अधिकार प्रदान गरेको देखिन्छ । अदालतको अवहेलनामा कसैलाई सजाय गर्न त्यस्तो व्यक्तिले जानी जानी अदालतको आदेश वा फैसलाको अवज्ञा गरेको वा त्यसको कार्यान्वयन नगरेको वा कार्यान्वयन गर्न अनुचित विलम्ब गरेको जस्ता अवस्थाहरु विद्यमान हुनुपर्दछ ।

10) प्रस्तुत निवेदनको सन्दर्भलाई उजागर गर्दा, एन्फाको विधानलाई उचित विश्लेषण गरी हेर्नु पर्ने हुन्छ। एन्फाको विधानको धारा ७७ मा "*फिफाका नियमावली, यस विधान वा बाध्यकारी कानुनी प्रावधानले विशेष रूपमा साधारण अदालतमा जान तोकेको वा तहाँको उपचार सुझाएको अवस्थामा बाहेक संघ भित्रका विवाद वा लिग, लिगका सदस्य, क्लब, क्लबका सदस्य, खेलाडी, अफिसियल र संघका अन्य अफिसियलहरूलाइ असर पार्ने बिबादहरू साधारण अदालत समक्ष पेश गारिने छैन*" भन्ने व्यवस्था रहेको त्यसैगरी धारा ८० मा "*एन्फा र यसका सदस्य, खेलाडी, अफिसियल, म्याच एजेण्ट र मधयस्थहरूले कुनै पनि विवाद अदालत सामु लैजाने छैनन र एन्फासँग सम्बन्धित*

*पक्षहरूबीच हुने राष्ट्रिय विवादहरूमा एन्फाकै क्षेत्राधिकार रहनेछ"* भन्ने व्यवस्था रहेको देखिन्छ।प्रस्तुत निवेदनमा उठाएको विषय रिट निवेदन ०८१-wo-२२७७ मा जारी भएको अन्तरिम आदेशसँग सम्बन्धित रहेको र उक्त रिट निवेदनमा बिपक्षी **एन्फाको सदाचार समिति तथा अनुशासन समिति**को उक्त निर्णय उपर यी निवेदक एन्फाको विधान को दफा ७४ बमोजिम पुनरावेदन समितिमा नगई सोझै अदालत प्रवेश गरेको देखीएको हुँदा निज निवेदकको निवेदन माग बमोजिम उत्प्रेषण जारी हुने अवस्था विद्यमान रहेको नदेखिएकोले आजै यस इजलासवाट रिट खारेज भएको हुँदा विधानको नियम बमोजिम कारवाही हुनु पर्नेमा सो मार्फत नगएको तथा अदालतमै नआउनुपर्ने विषयमा अन्तरिम आदेश जारी भई सोको परिपालना भएन भन्ने विषयमा अदालतल को अवहेलनामा सजाय गर्नुपर्ने अवस्था देखिएन ।

11) अतः माथि विवेचित आधार, कारणसमेतबाट प्रस्तुत विवादको विषय अखिल फुटबल संघ (एन्फा) को साधारण सभा गर्ने विषयमा अन्तरिम आदेश जारी भएको देखिएको र एन्फाको विधानको धारा ७७ र ८० को प्रावधान समेतबाट विपक्षीहरूले अदालतको अवहेलना गरेको नदेखिँदा अदालतको अवहेलनामा कारवाही गरीपाउँ भन्ने दावी पुग्न नसक्ने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल

- सरोकारवालाले नक्कल माग गरे नियमानुसार दिनू.............................................२
- यो आदेश प्रमाणीकरण भएपछि सोको विवरण यस अदालतको सूचना पाटीमा तथा वेव साइटमा समेत प्रकाशित गर्नू ...........................................................................३
- प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी यो आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ........................................४

(मुनेन्द्रप्रसाद अवस्थी)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(कृष्णराम कोइराला )
न्यायाधीश

**फैसला तयार गर्न सहयोग गर्ने:**

इजलास अधिकृत :- घनश्याम कुमार महतो

कम्प्यूटर अपरेटर :- स्मित श्रेष्ठ

**ईति सम्वत 20८2 साल असार महिना 4 गते रोज 4**

**शुभम्..............................।**

प्रमाणिकरण मिति :
अदालतको छाप :